# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०८०/८१
च.नं.

मितिः २०८०।०५।०३

सूचना !!! सूचना !!! सूचना !!!

भरतपुर महानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा (१४) बमोजिमको प्राविधिक समितिका लागि विषय विज्ञहरुको सूची (roster) मा समावेश हुन चाहने इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित प्रावधानहरुको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले १ (एक) महिना भित्र रितपूर्वक निम्न ठेगानामा दरखास्त पेश गर्नुहुन नगरकार्यपालिकाको कार्यालयको मिति २०८०।०५।०३ को निर्णयानुसार अनुरोध गरिन्छ। यस सम्बन्धी जानकारी महानगरको सूचना पाटी र website: www.bharatpurmun.gov.np मा समेत राखिएको व्यहोरा समेत अनुरोध छ।

**आवश्यक कागजात**

वैयक्तिक विवरण (CV)

शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

कार्य अनुभव सम्बन्धी प्रमाण

वातावरण अध्ययन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण

**१. शैक्षिक योग्यता**

नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको

क) वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण ईन्जिनियरिङ्ग वा वातावरण सम्बन्धि अन्य विषय

ख) वातावरण कानून

ग) सिभिल इन्जिनियरिङ्ग वा मेकानिकल इन्जिनियरीङ्ग वा केमिकल इन्जिनियरीङ्ग वा इलेक्ट्रिकल इन्जिनियरीङ्ग वा भूगर्भ इन्जिनियरिङ्ग वा माईनिङ इन्जिनियरिङ्ग वा औद्योगिक इन्जिनियरिङ्ग वा रेल्बे इन्जिनियरिङ्ग वा मेटालर्जिकल इन्जिनियरिङ्ग वा जलस्रोत इन्जिनियरिङ्ग वा भौतिक विज्ञान वा रसायन विज्ञान वा भूगर्भ शास्त्र वा सहरी विकास वा अर्बन प्लानिङ

घ) स्वास्थ वा जनस्वास्थ्य विज्ञान वा चिकित्सा शास्त्र वा अस्पताल व्यवस्थापन

ङ) वन विज्ञान वा वन्यजन्तु विज्ञान वा जलाधार व्यवस्थापन वा फोहोरमैला व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थाप

च) कृषि विज्ञान

छ) मानवशास्त्र वा ग्रामीण विकास वा समाजशास्त्र वा अर्थशास्त्र वा पुरातत्व शास्त्र वा दिगो विकास वा अर्थशास्त्र वा योजना व्यवस्थापन

ज) जीव विज्ञान वा वनस्पति विज्ञान

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल


प.सं. २०८०/८१
च.नं.

मितिः २०८०।०५।०३

२. कार्य अनुभव

देहाय बमोजिम कार्य अनुभव भएको

क) सम्बन्धित विषयमा कम्तीमा ५ वर्ष काम गरी वातावरणीय अध्ययन तयार गर्ने कार्यमा कम्तीमा ३ वर्ष वा सो भन्दा वढी कार्य अनुभव भएको।

ख) माथि उल्लेखित विषयमा कम्तिमा ५ वर्ष भन्दा बढी अध्यापन तथा अनुसन्धान गरेको।

**नोटः** इच्छुक महानुभावहरुले शैक्षिक योग्यता र अनुभव सम्बन्धी आवश्यक कागजातको छाँया प्रति (Hardcopy) नै पेश गर्नुपर्ने छ।

**३.दरखास्त बुझाउने ठेगाना:** भरतपुर महानगरपालिका (वातावरण तथा हरियाली प्रवर्द्धन शाखा) भरतपुर, चितवन।

सम्पर्क नं:- ०५६-५९७००४, ९८४१६१०२४९

(लक्ष्मी कुमारी ठगुन्ना)
वातावरण निरीक्षक